☎:०५६-५५००१५

# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
प्रदेश नं. ३, नेपाल
२०७३

प.सं. ०७६/०७७
च.नं. २४५८

मिति: २०७६।११।०५

विषय : **जगा संरक्षण, नमूना कार्य, मौरी समूह गठन विपन्नलाई घर सम्बन्धी निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।**

श्रीमान वडा अध्यक्ष ज्यू,
१-१३ वडा कार्यालय,
राप्ती नगरपालिका भण्डारा, चितवन ।

चालु आ.व.को लागि स्वीकृत भएका देहायका कार्यक्रमहरुलाई शीघ्र कार्यान्वयन गर्न नगर कार्यपालिकाको मिति २०७६।१०।१९ मा बसेको ६६ औ बैठकबाट देहाय बमोजिम गर्ने निर्णय भएकोले सो निर्णय कार्यान्वयन गर्न देहाय बमोजिम प्रक्रिया पुरा गरी यस कार्यालयमा पठाउनु हुन अनुरोध छ ।

१. त्यस वडामा रहेका सार्वजनिक जग्गा मध्ये रु ४ लाख सम्ममा तत्काल संरक्षण गर्नुपर्ने स्थानको एकिन गरी पठाउनु हुन (निर्णय नं. १.१)
२. तहाँ वडा भित्र रहेका सबै टोल विकास संस्थाहरुको सहयोग र समन्वयमा टोल विकास संस्थाले गर्न सक्ने बढीमा रु ७५,०००। सम्मको १ नमुना युक्त कार्यक्रम/योजना प्रस्ताव गरी पठाउनु हुन (निर्णय नं. १.३)
३. मौरीपालन कार्यक्रमको लागि विनियोजित रकमबाट रु १,५०,०००। सम्मको मौरीघार अनुदान स्वरुप उपलब्ध गराई व्यवसाय प्रवर्द्धन गर्न सो वडामा मौरीपालन गर्न इच्छुक व्यक्तिहरुको एक समुह गठन गरी पठाउनु हुन (निर्णय नं. १.४)
४. विपन्नलाई बास कार्यक्रमबाट त्यस वडामा रहेका अति विपन्न व्यक्ति/परिवार वा बसोबास गर्ने स्थान समेत उपयुक्त नभएका २ दुई व्यक्ति/परिवार छनौट गरी निजहरुको लागि घर बनाउने जग्गा निश्चित गरी प्रति घर २ लाख उपलब्ध गराउने शर्तमा स्थानीय साझेदार संस्थासँगको सहयोग समन्वयमा घर निर्माण गरी चालु आ.व. भित्र घर हस्तान्तरण गर्ने व्यवस्था मिलाउनु हुन । (निर्णय नं. १.५)

**<u>मिति २०७६।१०।१९ को कार्यपालिका बैंठकको निर्णय निर्णय नं. १</u>**

प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व. ०७६/७७ मा कार्यान्वयन गर्ने गरी स्वीकृत भएका निम्न योजनाहरुलाई देहाय बमोजिम हुने गरी संचालन गर्ने निर्णय गरियो ।

१. सार्वजनिक जग्गा संरक्षण कार्यक्रमको लागि नगर तर्फ सि.नं. ९ मा रहेको रु २०,००,०००। बिस लाखबाट नगरका विभिन्न स्थानहरुका सार्वजनिक जग्गाको विवरण वडाबाट लिइ ५ स्थानमा संरक्षण कार्य गर्ने ।
३. नगर तर्फको सि.नं. ३३ मा रहेको टोल विकास संस्थाहरु व्यवस्थापन शीर्षकको रु १०,००,०००।- दश लाख बजेटबाट प्रत्येक वडामा कम्तीमा १ नमुना युक्त कार्य टोल विकास संस्था मार्फत गराउन उपयुक्त योजना/कार्यक्रम छनौट गरी पठाउन वडा कार्यालयहरुलाई निर्देशन दिने ।
४. सि.नं. ३९ मा रहेको मौरीपालन कार्यक्रममा विनियोजित रकम रु २० लाखबाट प्रत्येक वडामा एक मौरी समुह गठन गरी सो समुहलाई मौरी विकास कार्यक्रम संचालन गर्न मौरीघार उपलब्ध गराउने निर्णय गरीयो ।
५. सि.नं. ५३,५४ मा रहेको विपन्नलाई बास साझेदारी कार्यक्रमबाट वडा समितिबाट निर्णय गरी अति विपन्न व्यक्ति वा परिवार वा बसोबास गर्ने स्थान समेत उपयुक्त खालको नभएका व्यक्ति/परिवारको लागि प्रत्येक वडामा विभिन्न साझेदार संस्था समेतको समन्वयमा कम्तीमा २ परिवारको लागि घर बनाउने कार्यको लागि प्रति वडा रु ४,००,०००। चार लाख बराबरको घर निर्माण गर्ने गरी कार्य सम्पन्न भएको आधारमा नगरपालिकाले भुक्तानी दिने निर्णय गरियो ।

०७६।११।१५

(मिठाराम हुमागाई)
प्रमुख प्रशासकीय अधिकृत